# सिन्धुपाल्चोक जिल्ला बाह्रबिसे नं.पा- ८ मानेश्वारामा अविरल बर्षातको कारण ५ घर उच्च जोखिममा

मिति २०७४।०३।०९ गते राती आएको अविरल बर्षातको कारण जि.सि.पा बाह्रबिसे नं.पा- ८ मानेश्वारा स्थितमा रहेको बस्ती उच्च जोखिममा रहेको भन्ने खबर २०७४।०३।१० गते अन्दाजी ११:३० बजेको समयमा ई.प्र.का बाह्रबिसेमा जानजकारी प्राप्त हुन साथ त्यहाँबाट प्र.ना.नि कमाणडमा टोली खटिन गई उक्त स्थानको निरिक्षण तथा अवलोकन गर्दा ५ वटा घर अति जोखिम अवस्थामा रहेको र ९ वटा घर सामन्य अवस्थामा रहेको हुदाँ उक्त स्थानका बासिन्दाहरुलाई सुरक्षित स्थानमा गई सुरक्षित साथ बस्नको लागि सम्झाई बुझाइ गरिएको तथा निम्न व्यक्तिहरुका घर उच्च जोखिममा रहेको ई.प्र.का बाह्रबिसेबाट यस कार्यालयमा जानकारी प्राप्त भएको छ।

**अति जोखिममा रहेका घरहरु**

**तपशिल:**

- जिल्ला सि.पा बाह्रबोसे नं.पा – ८ मानेश्वारा बस्ने बर्ष २८ की कविता भण्डारीको ढुङ्गा माटोको गाह्रो भएको टीनले छाएको २ कोठे कच्ची घर अन्दाजी ४,००,००० ( चार लाख) बराबरको क्षति र घर भन्दा माथिबाट पहिरो आउने उच्च जोखिममा रहेको अवगत गरिन्छ ।
- ऐ.ऐ बस्ने बर्ष ३९ को टेक बहादुर भण्डारी ढुङ्गा माटोको गाह्रो भएको टिनको छानो भएको ४ कोठे कच्ची घर अन्दाजी मूल्य ४,००,००० (चार लाख) बराबरको क्षति भएको र घर छेउको जमिन भासिएको अवगत गरिन्छ ।
- ऐ.ऐ बस्ने बर्ष ५४ को भीम बहादुर भण्डारीको टिनले बारेको टिनको छानो भएको २ कोठे एक तल्ले कच्ची घर अन्दाजी ४,००,००० (चार लाख) बराबरको क्षति र घर अगाडीको आँगन भासिएको अवगत गरिन्छ ।
- ऐ.ऐ बस्ने बर्ष ४८ को तारा बहादुर भण्डारीको ढुङ्गा र सिमेनटको गाह्रो भएको टिनको छानो भएको ४ कोठे पक्की घर अन्दाजि मुल्य ५,५०,००० ( पाच लाख पचास हजार) बराबरको क्षति भएको र जमिन भासिएको अवगत गरिन्छ ।
- ऐ.ऐ बस्ने बर्ष ३८ को केशब भण्डारीको ढुङ्गा माटोको गाह्रो भएको टिनको छानो भएको चार कोठे २ तल्ले कच्ची घर अन्दाजि मुल्य ५,००,००० ( पाच लाख) क्षति र घर पछाडीको डिल भासिएको अवगत गरिन्छ ।

**सामन्य जोखिममा परेका घर क्षतिको विवरण**

**तपशील:**

- ऐ.ऐ बस्ने बिष्णु बहादुरको घर सामन्य जोखिम, ऐ.ऐ बस्ने दल बहादुर भण्डारी को घर सामन्य जोखिम, ऐ.ऐ बस्ने कल्पना भण्डारीको घर सामन्य जोखिम, ऐ.ऐ बस्ने यज्ञ बहादुर भन्डारीको घर सामन्य जोखिम, ऐ.ऐ बस्ने सुर्य बहादुर खड्काको हर सामन्य जोखिम, ऐ.ऐ बस्ने सुनिता खड्काको घर सामन्य जोखिम, ऐ.ऐ बस्ने सुभाष खड्काको घर सामन्य जोखिम, ऐ.ऐ बस्ने सीता भण्डारीको घर सामन्य जोखिम, र ऐ.ऐ बस्ने देवेन्द्र भण्डारी समेतको ढुङ्गा माटोको गाह्रो भएको जस्ताको छानो भएको, उक्त स्थानको जमिन भासिन गएको र पुन: अविरल बर्षा भएमा पहिरो जान सक्ने जोखिम रहेको साथै उल्लेखित पहिरो तथा जमिन भासीई हाल कुनैपनि जनधन तथा चौपायाको क्षति नभएको अवगत गराईन्छ ।

स्रोत : जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र, चौतारा साँगाचोकगढि नं.पा, सिन्धुपाल्चोक